# प्रेस विज्ञप्ति

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

सिन्धुपाल्चोक निवासी २९ बर्षीय महिला, वैशाख २३ गते त्रि.बि शिक्षण अस्पताल, महाराजगंजमा भर्ना हुनुभएको थियो र उहाँको २४ गते डेलिभरी भएको; उहाँ अस्पतालबाट २५ गते डिस्चार्ज भएपछि सिन्धुपाल्चोक घर जानुभएको थियो, उहाँलाई ज्वरो, श्वासप्रश्वासमा समस्या भएपछि स्थानीय अस्पतालमा उपचार गराउनुभएको र स्वास्थ्य अवस्था जटिल बन्दै गएपछि उहाँ धुलिखेल अस्पतालमा थप उपचारका लागि आउंदै गर्दा मृत्यु भएको छ । यस सम्बन्धमा थप विस्तृत विवरण लिईएको र कोभिड-१९ संग सम्बन्धित थप परिक्षण पश्चात् नेपालमा कोभिड-१९ बाट मृत्यु भएको यो पहिलो घटना भएको पुष्टि भएको छ।

अध्यावधिक विवरणअनुसार कोभिड-१९ का पुष्टि भएकाहरूको जम्मा संख्या २८१ पुगेको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, काठमाडौंमा गरिएको परिक्षण अनुसार नयाँ पुष्टि भएको संख्या दुई (२) छ । जो धनुषा निवासी २०, ६५ बर्षीय पुरुषहरू हुनुहुन्छ । हालसम्म प्राप्त विवरणअनुसार उहाँहरूको स्वास्थ्य अवस्था सामान्य छ र उहाँहरू स्वास्थ्यकर्मीको सम्पर्कमा हुनुहुन्छ ।

.................................

डा. समिरकुमार अधिकारी

सह-प्रवक्ता, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

अध्यावधिक मिति २०७७ जेष्ठ ३ गते, बेलुकी ८:५० बजे